वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक ३०५ | २०८२ चैत्र १५ गते आइतबार, नेपाल सम्वत् ११४६ March 29, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-






**चैते धाने खेती** : तनहुँको बन्दीपुर गाउँपालिका-२ थारूवासका कृषकहरू चैते धानको विऊ रोप्दै । सिंचाई सुविधा भएका तनहुँका अधिकांश खेत तथा फाँटहरूमा यतिबेला कृषकहरू चैते धानको विऊ रोप्न व्यस्थ छन् । *तस्विर : भञ्ज्याङ*

## ओलीको गिरफ्तारीपछि दलहरूसंग संवाद गर्न एमालेले तोक्यो जिम्मेवारी

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

नेकपा एमालेले पार्टी अध्यक्ष केपी शर्मा ओली र कांग्रेस नेता रमेश लेखक पक्राउ परेपछिका घटनाबारे अन्य दलसँग संवाद गर्न जिम्मेवारी बाँडफाँट गरेको छ। राजनीतिक दलहरूसँग संवादको संयोजन उपाध्यक्ष विष्णु पौडेलले गर्नेछन् । संसदीय दलहरूसँगको संवादको संयोजनको जिम्मेवारी अर्का उपाध्यक्ष रामबहादुर थापा 'बादल'लाई दिइएको छ भने कानुनी प्रतिवादको संयोजन गर्ने जिम्मेवारी उपाध्यक्ष गोकर्ण विष्टले पाएका छन् । संसदमा रहेका दलहरूसँग संवाद गरेर सामूहिक प्रतिवादको योजना बनाउने महासचिव शंकर पोखरेलले जानकारी दिए ।



जेनजी आन्दोलनमा दमन गरेको आरोपमा फौजदारी कसुरमा कारबाही सिफारिस भएपछि प्रहरीले ओली र लेखकलाई शनिबार बिहान पक्राउ गरेको छ। लगत्तै पार्टी कार्यालय च्यासलमा उपाध्यक्ष रामबहादुर थापा बादलको अध्यक्षतामा एमाले सचिवालयको आकस्मिक बैठक बसेको थियो । सोही बैठकले संसदमा रहेका र नरहेका दलसँग संवाद गर्ने र कानुनी प्रतिवादको संयोजन गर्ने जिम्मेवारी बाँडफाँट गरेको हो ।

महासचिव पोखरेलले अध्यक्ष केपी शर्मा ओलीको पक्राउ प्रतिशोधपूर्ण, पूर्वाग्रही, गैरकानुनी भएको बताए ।

नेकपा एमालेले जेनजी आन्दोलनका घटनाबारे छानबिन गर्न छुट्टै आयोग गठनको माग गरेको छ । शनिबार बसेको एमाले सचिवालयको आकस्मिक बैठकले सर्वोच्च अदालतका बहालवाला न्यायाधीशको नेतृत्वमा छुट्टै आयोग गठन गर्न माग गरेको हो ।

यस्तै, नेकपा एमालेका महासचिव शंकर पोखरेलले पूर्वप्रधानमन्त्री केपी ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई गरिएको गिरफ्तारीले संविधान, लोकतन्त्र र मानवअधिकारका पक्षधर राजनीतिक शक्तिहरु र आम नागरिकलाई चिन्तित तुल्याएको बताएका छन्।

सचिवालय बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै प्रतिशोधपूर्ण कारबाहीको दृढताका साथ कानुनी र राजनीतिक प्रतिवाद

बाँकी तेश्रो पेजमा

## परम्परा तोड्दै 'कोर्ट म्यारिज' प्रति आकर्षण बढ्दो

**नारायण न्यौपाने**/काठमाडौं

यही चैत ११ गतेका दिन कालो जिन्सको ज्याकेट र पेन्टमा जिल्ला अदालत काठमाडौं परिसरमा भेटिनुभएका बाजुरा त्रिवेणी नगरपालिका-७ का लोकेशकुमार अयडी निकै हतारमा देखिनुहुन्थ्यो । उहाँसँगै सोही जिल्लाकै गौमूल-४ की पुनम कुँवर हरियो कुर्तासलवार अघिपछि गर्दै हुनुहुन्थ्यो । उहाँहरु अदालतमा अन्य कुनै प्रशासनिक झमेला र न्यायका लागि आउनुभएको भने थिएन । त्यहाँ अदालती विवाह अर्थात् दर्ता विवाहका लागि आउनुभएको थियो। आवश्यक प्रक्रिया पूरा गरिसकेपछि दुलाहा अयडी र दुलही कुँवरले सोही दिन नै विवाह दर्ताको प्रमाणपत्र प्राप्त गर्नुभयो ।

वैदेशिक रोजगारीका सिलसिलामा जापानमा रहनुभएका अयडी छोटो बिदामा नेपाल आएर घरपरिवारसँगको सहमतिमा अदालती विवाह गर्नुभयो। दुलाहा अयडी भन्नुहुन्छ, "चैत महिना छ, परम्परागत विवाह गर्न लगन, तिथि र मिति जुरेन । त्यो नभएपछि घरपरिवारको अनुमतिमा अदालती विवाह गर्ने निधो गरौं । घर पुग्न सम्भव भएन, कम खर्चिलो, छोटो समयमा हुने भएकाले यो बाटो रोजेंको हुँ ।"

त्यसो त धेरैले विवाह भन्नेबित्तिकै गरगहनासहित चिटिक्कै वेशभूषामा सजिएका दुलाहादुलही, परम्पराअनुसारको सजावट सम्झिनु स्वाभाविक हो। तर पछिल्लो समय बढ्दो दर्ता विवाहले त्यस्ता परम्परागत भाष्य चिर्न थालेको छ। अयडी र कुँवरको जोडीमात्र होइन, यही चैत १० गते तनहुँको भानु नगरपालिका-१२ का कसम पन्त र धादिङ त्रिपुरा सुन्दरी गाउँपालिका-१ की भावना गिरीले पनि सोही अदालतबाट दर्ता विवाह गर्नुभयो।









पन्त र गिरीको जोडी सामान्य पोशाकमा विद्यार्थीझैं पछाडि ब्याग भिरेर भर्खरै प्राप्त गरेको दर्ता विवाहको प्रमाण लिई साइन बोर्डमा अदालत लेखिएको अक्षर कैद हुनेगरी तस्बिर खिचाइरहनुभएको थियो । दुलहा पन्तले भन्नुभयो, "स्वअध्ययनबाट कोट म्यारिज भरपर्दो, विश्वासिलो हुन्छ भन्ने थाहा पाएर यहाँ आएको हुँ, यो आफैं पनि कानुनी विवाह हो । केटाकेटी र घरपरिवार राजी भएमा छोटो समयमा पूरा हुने, कम खर्चिलो, सजिलो र परिवारलाई आर्थिक भार व्यहोर्न नपर्ने विवाह हो ।"

पछिल्लो समय बढ्दो सहरीकरण, वैदेशिक रोजगारी, व्यस्तता तथा भड्किलो बनिरहेको सामाजिक परम्पराले दर्ता विवाह (कोर्ट म्यारिज) प्रति आमनागरिकको चासो र आकर्षण बढेको देखिन्छ। अदालती विवाहले बालविवाह, बहुविवाह, झुटोविवाहलाई निरूत्साहित गर्ने र समयको बचत गरी दाइजो प्रथाजस्ता सामाजिक कुप्रथालाई पनि न्यूनीकरण गर्ने हुँदा यसप्रति समाज सकारात्मक बन्दै गएको हो ।

काठमाडौं जिल्ला अदालतमा सबैभन्दा धेरै गत फागुनमा एकैदिन २७ जोडीले दर्ता विवाह गरेको तथ्याङ्क छ । अदालतका सूचना अधिकृत दीपककुमार श्रेष्ठका अनुसार लगन भएको दिन अधिकतम २७ र अघिपछि सरदर दैनिक १० वटासम्म दर्ता विवाह हुने गरेका छन् । चालु आर्थिक वर्षको नौ महिनामा (चैत ११ गतेसम्म) त्यस अदालतबाट एक हजार ७५५ वटा दर्ता विवाह भएको उहाँले जानकारी दिनुभयो। अघिल्लो आर्थिक वर्षमा दर्ता विवाहका लागि दुई हजार ८४३ निवेदन परेका थिए । तर कुल दर्ता विवाहको अभिलेख भने जेनजी आन्दोलनमा जलेको जिल्ला अदालतले जनाएको छ । नेपाली परम्पराअनुसार लगनका आधारमा विवाहका लागि उपयुक्त महिना तोकिएका हुन्छन्। तर त्यस्ता परम्परागत विवाहका महिना नमानिने साउनमा १९४, कात्तिकमा १५९, पुसमा २२६ र चैतको ९ गतेसम्म ६७ वटा दर्ता विवाह भएको काठमाडौं जिल्ला अदालतको अभिलेखमा उल्लेख छ ।

**दर्ता विवाहमा कानुनको प्रोत्साहन**

समाजशास्त्री टीकाराम गौतम दर्ता विवाह आधुनिक समाजको विशेषता र समाज परिवर्तनको संकेतका रुपमा रहेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "समाजमा हुने सबै संस्कृतिलाई सामाजिक संरचना र मानिसका आवश्यकतासँग जोडेर व्याख्या गरिन्छ। अहिले नेपाली समाजको धार्मिक, राजनीतिक, संस्कृतिक लगायत सामाजिक संरचना हिजोभन्दा धेरै परिवर्तन भएको छ। त्यो अभ्यास बदलिने क्रममा दर्ता विवाहको संख्या पनि बढेको हो ।" कानुन र आफन्तलाई साक्षी राखी तोकिएको योग्यता पूरा गरी हुने अदालती विवाहलाई राज्यले सधैं प्रोत्साहन गर्दै आएको छ । विवाहका लागि लगन रहेको गत फागुनमा काठमाडौं अदालतबाट २५९ युवायवतीले दर्ता विवाह गरेका थिए । त्यस महिनामा नेपाली र विदेशी नागरिकबीच

बाँकी दोश्रो पेजमा

## ओली र रमेश लेखकलाई गलत ढंगले पक्राउ गरियो : कांग्रेस

**भञ्ज्याङ समाचारदाता**/काठमाडौं

नेपाली कांग्रेसले पूर्वप्रधानमन्त्री केपी ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई सरकारले गलत ढंगले पक्राउ गरेको प्रतिक्रिया दिएको जनाएको छ। कांग्रेस पदाधिकारी बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै प्रवक्ता देवराज चालिसेले गौरीबहादुर कार्की आयोगको प्रतिवेदनमाथि नै प्रश्न उठाए।

उनले भने, 'कार्की आयोगको प्रतिवेदन अपूर्ण छ। त्यसमा पनि भदौ २३ र २४ गतेको घटनामा सरकारको व्यवहार चयनात्मक भयो। सरकारको यस्तो व्यवहार गलत छ। यसरी कानूनका प्रक्रिया समेत पालना नहुनाले न्याय पाउने प्रक्रियालाई नै गिजोल्ने देखिन्छ।'

भदौ २३ र २४ गतेको घटनालाई निष्पक्ष ढंगले टुङ्ग्याउनु भन्दा पनि सरकारले थप राजनीति गर्न खोजेको देखिएको बताए। उनले दुवै दिनको घटनामा संलग्नलाई उत्तेजनामा नभई कानूनबमोजिम कारबाही हुनुपर्ने बताए।

उनले छानबिन आयोगको प्रतिवेदन २४ गतेको घटनामा प्रवेश नै नगरेको बताए। उनले कांग्रेसले विधिको शासन स्वीकार्ने तर पूर्वाग्रहपूर्ण व्यवहार नस्वीकार्ने बताए। यद्यपि, तत्काल एमालेजस्तो आन्दोलनमा जाने भन्ने कुनै कार्यक्रम तय नभएको बताए।

उनले भने, 'हामी फेरी पनि प्रष्ट गर्न चाहान्छौं ९भदौ २३ गतेको घटनामा संलग्न संगै २४ गतेको आगजनी र विध्वंशमा संलग्न को थिए भन्ने पनि जनताले थाहा पाउनुपर्छ। दुवै दिनको घटनामा संलग्न जो सुकै भएपनि कारवाही हुनुपर्छ। त्यसमा हाम्रो साथ रहन्छ। तर त्यो कारवाही उत्तेजना र आवेगमा आएर होइन, कानूनी प्रक्रिया बमोजिम हुनुपर्छ। यसमा सरकार स्वयं संयमित र परिपक्व नहुँदा हतारमा गरिएको निर्णयले कानूनको शासन कमजोर हुनसक्छ, देश पुनस् द्वन्द्व र अस्थिरतातर्फ जान सक्छ । अतस् यसतर्फ गम्भीर बन्न सरकारलाई नेपाली कांग्रेस आग्रह गर्दछ।'

# ओली-लेखक गिरफ्तारी र बालेनको परीक्षा

♦ महेश्वर दाहाल

शनिबार झिसमिसेमै पूर्व प्रधानमन्त्री एवं नेकपा (एमाले)का अध्यक्ष केपी ओली र पूर्व गृहमन्त्री एवं नेपाली कांग्रेसका नेता रमेश लेखक गिरफ्तार भएका छन्। भदौ २३ र २४ को जेनजी प्रदर्शन तथा आगजनीको छानबिन गर्न गठित गौरीबहादुर कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने बालेन शाह मन्त्री परिषदको पहिलो बैठकको निर्णयसँगै, गृहमन्त्रालय र प्रहरी कार्यालयको आदेशमा उनीहरु गिरफ्तार भएका हुन् ।

यो गिरफ्तारीलाई एमाले पंक्तिले प्रतिशोधपूर्ण भन्दै विरूद्धमा आन्दोलन आव्हान गरेको छ भने सरकार पक्षले न्यायको सुरूवात भनेको छ। कार्की आयोगको प्रतिवेदनलाई सरकारका तर्फबाट औपचारिक सार्वजनिक नगरी तथा ओली र लेखक भागिहाल्ने वा उनीहरूले प्रमाण नष्ट गर्ने सम्भावना नभए पनि किन गिरफ्तार नै गर्नुपर्‍यो भन्ने प्रश्न त छँदैछ, यसले राजनीतिक मुठभेड निम्त्याउन सक्ने चिन्ता समेत कयौं पक्षले व्यक्त गरेका छन् ।

यो अवस्था आउनुको मुख्य दोषी भने केपी ओलीहरु नै हुन् । एमाले-कांग्रेस सम्मिलित भएर दुईतिहाईको सरकार चलाउँदा आम जनता नै निराश हुने गरी उनीहरूले जेजस्तो मनोमानी गरे, यो यसकै परिणाम हो । सहकारी प्रकरणमा पनि आफ्नाहरूलाई बचाएर रवि लामिछानेलाई मात्रै फसाउने गरी संगठित अपराधसम्मको मुद्दा रातारात तयारी गरियो, त्यो राजनीतिक प्रतिशोध नै थियो।

अझ आठ वर्षअघि झण्डै दुई तिहाइको वामपन्थी सरकारसँग आम मानिसको जुन अपेक्षा थियो, ओली र पुष्पकमल दाहाल प्रचण्डले त्यस अपेक्षाको चिरहरण गरिदिंदा आजको आधार बनेको हो । आलोपालो र भागबण्डाकै व्यक्तिगत स्वार्थले त्यो सरकार विघटन भयो ।

आफ्नै नेता तथा करिब पाँच दशकसम्म सहकार्य गरेका माधवकुमार नेपालको नाम लिनुपर्दा पनि ओलीले कुल्ला गर्नुपर्छ भन्थे । आफूसँग सामान्य असहमति राख्ने वा प्रश्न उठाउनेहरूलाई समेत छानीछानी पार्टीबाट बाहिर निकाले।

आफूलाई अध्यक्ष र प्रधानमन्त्री बनाउन साथ दिएका संकटकालीन सहयात्री विद्या भण्डारीको सदस्यता समेत इन्कार गरे । कम्युनिस्टलाई आवरण बनाएर केपी ओली र प्रचण्डले वर्षौं आफ्नो, परिवार र आसेपासेको स्वार्थसिद्ध गरेको जगजाहेर नै छ। अहिले केपी ओली संकटमा परेका छन् । अति गरेपछि क्षति भएको छ ।

अर्कोतर्फ, पुस्पकमल दाहाल, उनका परिवार तथा आसेपासेको अकुत सम्पत्तिका विषयमा पनि अनुसन्धानको सम्भावना बढ्दो छ । उनीहरूमाथि भएको र हुने कार्वाहीमा आमनागरिकमा भने सहानुभूति देखिदैंन ।

तर राज्य जिम्मेवार निकाय भएकाले आवश्यक कारबाही गर्दा कसैमा पनि प्रतिशोधको आभास नआउने गरी निष्पक्ष र कानुनी प्रक्रिया आधारित भने अनिवार्य हुनुपर्छ । मल्लिक, रायमाझी वा लाल आयोग जस्ता विगत आयोगका प्रतिवेदनहरु दराजमा थन्क्याइँदा कार्की आयोगको प्रतिवेदन कार्यान्वयन सुरू हुनु आफैंमा सकारात्मक थालनी हो तर यसका अपूर्णताप्रति, खासगरी भदौ २४ गतेको आगजनीकर्तामाथिको खोज, अनुसन्धान र कार्वाही पनि उत्तिकै तदारूकतापूर्वक हुनुपर्छ ।

त्यसो त राष्ट्रिय स्वतन्त्र पार्टी र बालेन शाह प्रधानमन्त्रीत्वको असाधारण जनअनुमोदनले नेपालको राजनीतिले फेरि अर्को मोड लिएको छ । लामो समयदेखि विचार, संगठन र जनमतबाट प्रभुत्व जमाउँदै आएका परम्परागत दलहरु आज आफ्नै असफलताका कारण अस्तित्व रक्षामा छटपटाइरहेका छन् । २०७४ को वाम जनादेश अंकगणितीय विजय मात्रै थिएन, ठूलो विश्वासको अभिव्यक्ति थियो। त्यो विश्वासलाई रूपान्तरण गर्न नसक्नु नै आज पैदा भएको राजनीतिक अवस्थाको केन्द्रीय कारण हो ।

यही पृष्ठभूमिमा रास्वपा र बालेनको विजयलाई व्यक्तिगत सफलता मात्रै मान्नु भुल हुनेछ। उनीहरूको यो सफलता नागरिक असन्तुष्टिको राजनीतिक अभिव्यक्ति हो । जनता अब भाषण होइन, परिणाम खोजिरहेका छन्। आश्वासन होइन, कामको प्रमाण मागिरहेका छन् । रास्वपा र बालेनप्रति देखिएको समर्थन यही बदलिएको चेतनाको संकेत हो ।

यस ऐतिहासिक विजयका लागि रास्वपा र बालेनलाई हार्दिक बधाई । तर, यो बधाईसँगै एउटा गम्भीर प्रश्न पनि जोडिएको छ, अब के ?

इतिहासले बारम्बार देखाएको छ, व्यक्तिको उदयले मात्र प्रणाली बदलिँदैन।




परम्परागत र जकडिएको संरचना जस्ताको तस्तै रहँदा, सुशासन, सामाजिक न्याय एवं समुदायगत विकास-समृद्धिको बलियो आधार स्थापित नहुँदा तथा भूराजनीतिक टकरावहरूमा कुटनीतिक कौशल राख्न नसक्दा, आशा सजिलै निराशामा रूपान्तरित हुन सक्छ ।

आजको चुनौती स्पष्ट छ । प्रशासनिक जडता, बिचौलिया संस्कार र नीतिगत अस्थिरता । यी समस्याहरु व्यक्तिले होइन, संस्थागत सुधारले मात्र समाधान गर्न सक्छ । नवनियुक्त प्रधानमन्त्री बालेनको नेतृत्वले यी संरचनात्मक बाधाहरूलाई चिर्न सक्यो भने मात्रै यो विजय दीर्घकालीन परिवर्तनको आधार बन्नेछ ।

रास्वपा र बालेन जस्ता नयाँ शक्तिहरु स्वयंका लागि पनि यो चेतावनी हो । वैकल्पिक शक्ति हुनु भनेको पुरानालाई अस्वीकार गर्नु मात्रै पनि होइन, आफूलाई प्रमाणित गर्नु हो । पारदर्शिता, नैतिकता र नीतिगत स्पष्टता बिना कुनै पनि नयाँ शक्ति पुरानै रोगको नयाँ संस्करण मात्र बन्न सक्छ ।

नेपाली राजनीतिमा आजको मूल समस्या व्यक्ति होइन, संस्कार हो । व्यक्तिहरु त कहिले देवत्वकरण भएका छन्, कहिले दानवीकरण । यसकै कारण हो, यति छिटै संघीय लोकतन्त्र कमजोर भएको हो । यसका मुख्य संचालकहरूको यो हविगत भएको हो । त्यसैले तथ्यमा आधारित मूल्यांकन, स्वस्थ प्रतिस्पर्धा र सहकार्यको संस्कृतिका पक्षमा बालेन सरकारले जति गर्न सक्छ, त्यसले नै उनको व्यक्तित्व र नयाँ शक्तिको सान्दर्भिकता सिद्ध गर्नेछ ।

विश्व बदलिँदै छ । प्रविधि, सूचना र युवा आकांक्षाले राजनीति पुनः परिभाषित भइरहेका छन् । नेतृत्वले सत्ता मात्रै चलाउने कि प्रणाली सुधार्ने क्षमता देखाउने रू वास्तवमै देश बनाउने संकल्प लिएको हो भने बालेन नेतृत्वले क्षमता स्थापित गर्न सक्नुपर्छ ।

त्यसो भए मात्र रास्वपा र बालेनको यो विजयलाई आरम्भ मान्न सकिन्छ । आशा जन्मिएको छ तर त्यसलाई संस्थागत रूप दिन बाँकी छ। यो अवसर खेर गयो भने इतिहास फेरि दोहोरिन सक्छ । सही दिशामा रूपान्तरण गरियो भने नेपालको राजनीतिमा नयाँ अध्याय लेखिन सक्छ । रास्वपा, बालेन र बालेन सरकारको परीक्षा सुरू भइसकेको छ। ओली-लेखकको गिरफ्तारी अन्ततः राजनीतिक प्रतिशोध सावित भइदियो भने बालेन सरकारले पनि ठूलो मूल्य चुकाउनुपर्ने छ । रातोपाटीबाट

# परम्परा तोड्दै 'कोर्ट म्यारिज' प्रति .......

७८ जोडीको दर्ता विवाह भएको छ ।

दर्ता विवाह गर्ने जोडीहरु अधिकांश अध्ययन, व्यापार, रोजगारीका सिलसिलामा विभिन्न पेसा व्यवसायमा काठमाडौंमा रहेका र विवाह दर्ताका लागि आफ्नो स्थायी ठेगानामा जान अनुकूल नहुनेहरु हुने गरेका छन् । वरिष्ठ अधिवक्ता सुनिता रेग्मी पोखरेल दर्ता विवाह पहिले प्रमुख जिल्ला अधिकारीको कार्यालयबाट हुने गरेकामा हाल जिल्ला अदालतमा बताउनुहुन्छ ।

"वैदेशिक रोजगारीमा युवा विदेश जाने क्रम बढेसँगै यो सत्त्या पनि बढेको पाइन्छ। केटा होस् वा केटी विदेशबाट नेपाल आइ दर्ता विवाह गर्दा दुवैका लागि आधिकारिक र प्रमाणित काजगात बन्ने हुनाले पनि यसको महत्व बढेको हो", उहाँ भन्नुहुन्छ, "ऐनले पनि विवाहलाई सार्वजनिक गर्न भनेको छ । कन्यादान, गोडाधुने, छोरी जिम्मा लगाउनेलगायत परम्परागत विवाह प्रक्रियामै दोष छ भन्ने युवाको बुझाइले गर्दा यस्ता विवाहमा प्रोत्साहन मिलेको हो।"

विवाह दर्ता र दर्ता विवाह फरक विषय हुन् । पञ्जिकाअधिकारी कार्यालयमा गरिने कार्य विवाह दर्ता हो भने दर्ता विवाह अदालतमा गरिने विषयमा प्रष्ट हुनुपर्ने वरिष्ठ अधिवक्ता रेग्मी बताउनुहुन्छ।

**पाँच सय रूपैयाँमा विवाह**

दर्ता विवाहका लागि दुवै पक्षको साक्षीको नागरिकताको प्रमाणित नक्कल प्रतिलिपिसहित केटाकेटीले कानुनबमोजिम आफूहरु विवाहका लागि योग्य छौं भनी तस्बिर टाँसेर निवेदन दिनुपर्ने हुन्छ । अदालतले दर्ता विवाह गरेबापत पाँच सय रूपैयाँ शुल्क लिने गरेको छ । काठमाडौं जिल्ला अदालतमा विवाहका लागि आइपुग्नुभएका कैलाली लम्कीका विनोद विष्ट रोजगारीका लागि सर्बिया जान लागेकाले छोटो समयको सदुपयोग गर्दै दर्ता विवाह गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "आधिकारिक निकायमा आएर कानुनी विवाह गर्ने मौका जुर्यो, यो कम खर्चिलोमात्र नभई बाहिर जान आवश्यक काजगात बनाउन पनि सजिलो हुनेरहेछ।" विवाहका लागि अदालती प्रक्रिया पूरा गरी यही चैत १० गते उहाँ कैलालीकै रश्मी बडुवालसँग वैवाहिक बन्धनमा बाँधिनुभएको छ ।

कानुनमा अदालती दर्ता विवाहका लागि सात दिनको समय निर्धारण गरेता पनि सबै कागजात पुर्याएको खण्डमा एकैदिन विवाह दर्ता प्रमाणपत्र दिँदै आएको अदालतका सूचना अधिकारी श्रेष्ठले बताउनुभयो । काठमाडौंमा मुलुकका ७७ जिल्लाका नागरिक बसोबास गर्ने तथा कतिपय अवस्थामा हतारमा विवाह गरेर विदेश जानुपर्ने अवस्थालाई दृष्टिगत गरी दुई घण्टाभित्रै पनि प्रमाणपत्र दिन सकिने व्यवस्था गरिएको उहाँले स्पष्ट पार्नुभयो। "यो अदालतले सेवाग्राहीलाई उपलब्ध गराएको 'फास्ट ट्र्याक सेवा' हो", उहाँले भन्नुभयो ।

अदालती विवाहले नेपाली समाजमा विगतमा देखिँदै आएको जातीय विभेद न्यूनीकरण गर्नसमेत सहयोग पुर्याएको दलित अधिकारकर्मीको बुझाइ छ। अदालती विवाहमा आउने कतिपय दुलाहा र दुलही सिङ्गारिएर परिवारका साथमा आउने र साइत सम्बोधन हुनेगरी प्रमाणपत्र लिने गरेका उदाहरण पनि छन् ।

नेपाली-नेपालीबीचमा विवाह गराउनका लागि दुवै जना अविवाहित भएको केटा र केटीको स्थायी बसोबासको सम्बन्धित वडा कार्यालयको सिफारिस आवश्यक पर्छ भने विदेशीको हकमा कम्तीमा १५ दिन नेपालमा बसोबास गरेको कागजात हुनुपर्छ । साथै, यहाँस्थित सम्बन्धित देशको दूतावासबाट 'नो अब्जेक्सन लेटर' तथा विवाहयोग्य भएको प्रमाणित सिफारिस आवश्यक पर्छ । विदेशीका हकमा जुन देशको नागरिक हुनुहुन्छ त्यस देशले विवाहका लागि न्यूनतम उमेर तोकिदिएको हुन्छ, त्यो जुनसुकै भाषामा भए पनि नेपाली भाषामा अनुवाद गरी पेस गरेको हुनुपर्छ । नेपालमा सम्बन्धित देशको दूतावास नभएको खण्डमा भारतमा रहेको दूतावासको सिफारिस पनि ग्रहण गर्ने अभ्यास रहेको छ ।

**लगन हेरर अदालतमा पूर्वतयारी**

पछिल्लो समय दर्ता विवाहका लागि पनि कतिपय जोडीले ज्योतिषसँग साइत हेराएर आउने गरेको पाइएको छ । अदालतले पनि भोलिपल्ट विवाहका लागि लगन रहेछ भने सोहीअनुरूपमा पूर्वतयारी र जनशक्ति व्यवस्थापन गर्दै आएको छ। अदालत परिसरमा दैनिकजसो अधिकांश जोडीबीच फूलमाला र औँठी साटासाट तथा सिन्दुर पोते पहिरिएर उत्सव मनाइने गरेको दृश्य देखिने गरेको छ । पछिल्लो समय काम विशेष र व्यस्तताले पनि अदालती विवाहप्रति चासो बढेको छ । कतिपयले त अदालतमा विवाह दर्ता गरेपछि भने आफ्नो परम्परा र रीति, परम्पराअनुसार विवाह गर्ने गरेकोसमेत पाइन्छ ।

**हाँस्ने र रूने एकै ठाउँ हुँदा विवाह 'खल्लो'**

अदालतमा दर्ता विवाहका लागि बेग्लै भवन र परिसर नहुँदा उत्सवका रूपमा पुगेका जोडीलाई त्यसअनुकूलको वातावरण प्राप्त नहुने गरेको गुनासो छ । विभिन्न अपराधमा संलग्न व्यक्ति र विवाहका लागि पुगेका परिवारजन एकै ठाउँमा रहनुपर्ने बाध्यताले असहजता देखिएकाले विवाहका लागि छुट्टै स्थानको आवश्यकता महसुस भएको आवाज उठेको छ । वैवाहिक सम्बन्धले सामाजिक तथा पारिवारिक जीवनको सुव्यवस्थालाई समेत कानुनी मान्यता प्रदान गर्छ ।

मुलुकका सबै जिल्ला अदालतमा विवाह दर्ता हुँदै आए पनि तुलनात्मक रूपमा ललितपुर, भक्तपुर, कास्की, रूपन्देही, सुनसरी, पर्सा, चितवन, मकवानपुरलगायत जिल्लामा अदालती विवाह धेरै हुने गरेको छ । अदालतले कानुन र आफन्तलाई साक्षी राखी गरिने विवाहलाई सधैं प्रोत्साहन गर्दै आएको छ । रासस

## तपाईंको आज

**मेष**
कार्यक्षेत्रमा नयाँ जिम्मेवारी र आत्मविश्वास बढ्नेछ। आर्थिक पक्ष सन्तोषजनक रहनेछ।

**वृष**
अड्किएका काम पूरा हुने संकेत छन्। खर्च बढ्न सक्छ, तर आवश्यक काममै हुनेछ। यात्राबाट लाभ मिल्न सक्छ।

**मिथुन**
अध्ययन, लेखन वा सञ्चार सँग सम्बन्धित कार्यमा सफलता मिल्नेछ। मित्र सहयोगी रहनेछन्।

**कर्कट**
पारिवारिक वातावरण सुखद रहनेछ। आम्दानीका नयाँ स्रोत खुल्न सक्छन्। कार्यक्षेत्रमा सम्मान प्राप्त हुने योग छ।

**सिंह**
नेतृत्व क्षमता प्रकट हुने दिन हो। सामाजिक कार्यमा संलग्नता बढ्नेछ। आत्मसम्मानमा वृद्धि हुनेछ।

**कन्य**
निर्णय लिन हतार नगर्नुहोस्। काममा ढिलासुस्ती हुन सक्छ। धैर्य राखेमा सकारात्मक परिणाम आउनेछ।

**तुला**
साझेदारीका काममा सफलता मिल्नेछ। कलात्मक तथा सिर्जनात्मक क्षेत्रमा प्रगति देखिनेछ।

**वृश्चिक**
आज मेहनतको फल प्राप्त हुने दिन छ। चुनौतीपूर्ण काममा सफलता मिल्नेछ। गोप्य योजनाहरु सफल बन्न सक्छन्।

**धनु**
भाग्यको साथ मिल्नेछ। शिक्षा, परीक्षा वा प्रतिस्पर्धात्मक क्षेत्रमा सफलता मिल्ने संकेत छ। यात्राको योग रहेको छ।

**मकर**
कार्यभार बढ्न सक्छ, तर व्यवस्थापन गर्न सकिनेछ। वरिष्ठको सहयोग प्राप्त हुनेछ।

**कुम्भ**
नयाँ सोच र योजनाले लाभ दिलाउने दिन छ। मित्र तथा सहकर्मीको सहयोग मिल्नेछ। सामाजिक प्रतिष्ठा बढ्नेछ।

**मीन**
धार्मिक वा ध्यानात्मक गतिविधितर्फ रूचि बढ्नेछ। खर्च बढ्न सक्छ, तर मानसिक सन्तुष्टि मिल्नेछ।



**बलबालिकालाई स्वर्णविन्दु** : प्रदेश आयुर्वेद जनस्वास्थ्य कार्यालय तनहुँमा शनिबार बालबालिकालाई स्वर्णविन्दु प्राशन खुवाइँदै । *तस्बिर: भञ्ज्याङ*

# छयालिसौं अन्तर्राष्ट्रिय साहित्य सम्मेलन सुरु

**रासस**/धनुषा

जनकपुरधाममा छयालिसौँ अन्तरराष्ट्रिय साहित्य सम्मेलन सुरु भएको छ । राजर्षि जनक विश्वविद्यालयसँगको सहकार्य तथा नेपाल साहित्यिक सङ्घ (ल्यान) को आयोजनामा आजदेखि यहाँ 'रामायण: अन्तरसांस्कृतिक आख्यान, नैतिक संवाद र जीवित परम्परा' विषयमा केन्द्रित सम्मेलन सुरु भएको हो ।

सम्मेलनको उद्घाटन गर्दै राजर्षि जनक विश्वविद्यालयका उपकुलपति प्रा डा अमरप्रसाद यादवले रामायण धार्मिक ग्रन्थले मानव जीवनका नैतिक मूल्य, सामाजिक सद्भाव र सांस्कृतिक एकताको महत्त्वपूर्ण आधार कायम गरेकाले त्यसको सन्देश प्रवाह गर्न सम्मेलन उपलब्धिमूलक हुने बताउनुभयो । उहाँले रामायणका विषयवस्तु, कथा र सन्देशहरु आजको आधुनिक समाजमा पनि उत्तिकै सान्दर्भिक रहेको उल्लेख गर्दै यो सम्मेलनले ज्ञान आदान-प्रदान र अनुसन्धानलाई थप सशक्त बनाउने भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल साहित्यिक सङ्घका संरक्षक प्रा डा श्रीधरप्रसाद लोहानी, प्रा डा श्रीधर गौतम, डिन डा विनोद साह, प्रा डा लक्ष्मण गनवाली, डा खुमप्रसाद शर्मा तथा राजर्षि जनक अध्ययन–अनुसन्धान केन्द्रका निर्देशक प्रा डा राम खेलावन साहलगायतले रामायणको महत्त्वबारे आफ्ना धारणा व्यक्त गर्नुभएको थियो ।

उहाँहरूले रामायणले विभिन्न संस्कृतिहरूलाई जोड्ने सेतुको काम गरेको उल्लेख गर्दै यसको अध्ययनमार्फत अन्तरसांस्कृतिक समझदारी, सहअस्तित्व र नैतिक मूल्यमान्यताको प्रवर्द्धन गर्न सकिने उल्लेख गर्नुभयो ।

प्रा डा कृष्णचन्द्र शर्माले 'दक्षिण एसियामा रामायण परम्परा' विषयमा कार्यपत्र प्रस्तुत गर्दै रामायणका विभिन्न संस्करण, परम्परा र यसको क्षेत्रीय प्रभावबारे विश्लेषण गर्नुभएको थियो । उहाँले दक्षिण एसियाका विभिन्न देशमा रामायणका विविध रुप र सांस्कृतिक प्रभावबारे प्रकाश पार्दै यसको जीवित परम्परालाई जगेर्ना गर्न आवश्यक रहेको बताउनुभयो।

कार्यक्रमका अध्यक्ष एवं विश्वविद्यालयका रजिस्ट्रार सह प्राध्यापक सत्यनारायण साहले सम्मेलनले शैक्षिक अनुसन्धान, साहित्यिक विमर्श र सांस्कृतिक समझदारीलाई अझ सुदृढ बनाउने बताउनुभयो । उहाँले यस्ता अन्तरराष्ट्रिय कार्यक्रमले नेपाललाई ज्ञान र संस्कृतिको केन्द्रका रूपमा स्थापित गर्न मद्दत पुग्ने बताउनुभयो।

आइतबारसम्म सञ्चालन हुने सम्मेलनमा नेपाल, भारत, बङ्लादेश, चाइना र जर्मनीसहित विभिन्न देशबाट अनुसन्धानकर्ता, साहित्यकार तथा संस्कृतिविद्हरूको सहभागिता रहेको छ ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com


# ओलीको गिरफ्तारीपछि .......

गर्ने बताए। उनले भने, 'यस घटनाबाट कति पनि विचलित नभई देश, जनता र लोकतन्त्रको पक्षमा एकता र दृढताका साथ अगाडि बढ्न समस्त पार्टी पङ्क्तिलाई आह्वान गर्दछ। आजको गिरफ्तारीका विरुद्ध चैत १५ गते आइतबारका दिन पार्टी जिल्ला कमिटीहरूको आयोजनामा जिल्ला प्रशासन कार्यालय मार्फत नेपाल सरकारलाई विरोध पत्र बुझाइने कार्यक्रम तय गरिएको छ ।'

उनले आवश्यकता अनुसार अन्य राजनीतिक दलहरूसँग संवाद र समन्वय गरी विरोधका थप कार्यक्रमहरु तय गरिने बताए। पार्टी सम्बद्ध जनसङ्गठनका तर्फबाट विरोध प्रदर्शनका कार्यक्रम पार्टी सम्बद्ध जनसंगठनहरूले आजैबाट आरम्भ गर्ने बताए ।

यस्तै, भदौ २३ र २४ गतेको घटनामा सर्वोच्च अदालतको बहालवाला न्यायाधीशको अध्यक्षतामा उच्चस्तरीय छानबिन समिति गठन गर्न माग गरिएको छ ।

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
**व्यास नगरपालिका-२, दमौली तनहुँ**
**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**
**हाम्रा उपलब्ध सेवाहरू :**
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**नसर्ने रोगहरूको पहिचानका लागि अभियान २०८२**
**आफ्नो मिर्गौलाको सुरक्षा गर्न:**

• स्वस्थ खाना खाऔं
• सक्रिय जीवनशैली अपनाऔं
• स्वस्थ शारीरिक तौल कायम गरौं
• चिकित्सकको सल्लाह पालन गरौं
• धूम्रपान तथा सुर्तीजन्य पदार्थ सेवन नगरौं
आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह, जाँच, रक्तचाप (ब्लडप्रेसर) मापन, मिर्गौला सम्बन्धी रोगको जाँच र BMI मापन गरौं ।
**समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौं ।**
**व्यास नगरपालिका**
नगरकार्यपालिकाको कार्यालय
दमौली, तनहुँ, नेपाल




**डिभिजन वन कार्यालय तनहुँको अनुरोध**
- वन र वन्यजन्तुहरू हाम्रा अमूल्य सम्पत्ती हुन, यिनीहरूको संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको कर्तव्य हो ।
- वन्यजन्तुको चोरी शिकारी, वन पैदावारको चोरीकटानी र ओसारपसार, वन क्षेत्रमा अतिक्रमण जस्ता कार्यहरू गर्नु गराउनु हुँदैन । यस्ता कार्यहरू गरे गराएमा वन ऐन, २०७६ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार वन सम्बन्धी कसुर/अपराध गरेको मानिन्छ। वन तथा वन्यजन्तु सम्बन्धी कसुर/अपराधहरू फौजदारी अभियोग हो ।

तसर्थ,
- कुनै पनि वन्यजन्तु मार्ने, शिकार गर्ने, वन्यजन्तुको अङ्ग ओसारपसार गर्ने, बिना इजाजत काठ, दाउरा, जडीबुटी लगायतका अन्य वन पैदावारहरू समेतको संकलन र ओसार पसार गर्ने तथा वन क्षेत्रको जग्गा अतिक्रमण गर्ने जस्ता कार्यहरू नगरौ नगराऔं ।
- वन तथा वन्यजन्तुको संरक्षणमा सहभागी बनी असल नागरिकको भूमिका निर्वाह गरौं
- वन सम्बन्धी अपराध हुन लागेको, भईरहेको थाह पाएमा/देखेमा नजिकको डिभिजन वन कार्यालय, सव डिभिजन वन कार्यालयहरू तथा प्रहरी कार्यालयहरूमा खबर गरौ ।

**डिभिजन वन कार्यालय**
दमौली, तनहुँ । फोन : ०६५-५६३१३५

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८२ चैत्र १५, आइतबार
March 29, 2026



## दमौलीमा मसाल जुलुस

नेकपा एमाले तनहुँले पार्टी अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र नेपाली काँग्रेसका नेता एवं पुर्व गृहमन्त्री रमेश लेखकलाई प्रहरीले पक्राउ गरेको विरोधमा शनिबार साँझ दमौलीमा मसाल जुलुस प्रदर्शन गरेको छ । एमाले जिल्ला कमिटस तनहुँले शनिबार विज्ञप्ति प्रकाशित गरी अध्यक्ष ओली र काँग्रेस नेता लेखकलाई अबिलम्ब रिहा नगरे कडा आन्दोलन गर्ने चेतावनी पनि दिएको छ ।
मुलुकलाई द्वन्द्वको भुमरीमा जानबाट बचाउन नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री ओली र नेपाली काग्रेंसका नेता एवं पूर्व गृहमन्त्री लेखकलाई विना शर्त अविलम्व रिहाई गर्न एमाले जिल्ला कमिटी तनहुँले आग्रह गर्दे त्यस्तो नभएमा कडा आन्दोलनको कदम चाल्ने बताएको छ ।

*तस्विर : भञ्ज्याङ*

# बन्दीपुर र व्यासद्वारा 'होमस्टे सर्किट' मार्फत पर्यटन प्रवर्द्धन कार्यक्रम शुरू

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको बन्दीपुर गाउँपालिका र व्यास नगरपालिकाका विभिन्न होमस्टे (घरबास)हरूलाई एउटै सर्किट (क्षेत्र)मा आबद्ध गर्दै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले 'सामुदायिक होमस्टे सर्किट तथा पर्यटन प्रवर्द्धन कार्यक्रम' सुरू भएको छ। ग्रामीण पर्यटनलाई व्यवस्थित, दिगो र आयमुखी बनाउने लक्ष्यसहित होमस्टे सर्किटको अवधारणसँगै पर्यटन प्रवर्द्धन कार्यक्रम सुरू गरिएको हो ।

कार्यक्रमअन्तर्गत बन्दीपुर-२ को मोहोरिया र रामकोट, व्यास-१४ कुलुङ, केशवटार, रूम्सी, बन्दीपुर-६ धरमपानी, व्यास-१२ कमलाबारी, बन्दीपुर-५ कोरिखा तथा बन्दीपुर सामुदायिक होमस्टेमा अध्ययन अवलोकन गर्ने कार्यक्रम रहेको बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले जानकारी दिए । उनका अनुसार शनिबार पहिलो दिन मोहोरिया, रामकोट, कुलुङ, केशवटार र रूम्सीमा अवलोकन सम्पन्न गरिएको छ ।

आइतबार धरमपानी होमस्टे, ऐतिहासिक हुस्लाङकोट गढी, कमलाबारी, कोरिखा र बन्दीपुर सामुदायिक होमस्टेमा अध्ययन अवलोकन गर्ने कार्यक्रम रहेको अध्यक्ष थापाले बताए । उनका अनुसार बन्दीपुर-केशवटार होमस्टे सर्किटमार्फत छुट्टाछुट्टै रहेका होमस्टेलाई एकीकृत गर्दै समग्र पर्यटन प्रवर्द्धन गर्ने योजना अघि बढाइएको हो ।

उनले भने, "यो सर्किटले पर्यटकलाई एउटै यात्रामा विविध गाउँ, संस्कृति र जीवनशैली अनुभव गर्ने अवसर दिने विश्वास छ ।"

करिब ७५ किलोमिटर चक्रीय दूरीमा फैलिएको उक्त सर्किटले १४ होमस्टेसहित २० भन्दा बढी गाउँलाई समेट्नेछ । सर्किटभित्र गुरूङ, मगर, नेवार, क्षेत्री, ब्राह्मण तथा दलित समुदायबाट सञ्चालित होमस्टेमा स्थानीय खाना, वेशभूषा, संस्कार-संस्कृति र परम्परागत जीवनशैली नजिकबाट अनुभूति गर्न सकिनेछ ।

कार्यक्रममार्फत होमस्टे सञ्चालकलाई आफ्ना सेवासुविधा गुणस्तर सुधार, सरसफाइ, आतिथ्य सत्कार, स्थानीय उत्पादनको प्रवर्द्धन, कलासंस्कृतिको संरक्षण र प्रवर्द्धन, डिजिटल प्रचारप्रसारलगायत विषयसम्बन्धी अभिमुखीकरण दिइने जनाइएको छ । साथै, सर्किटभित्र पर्ने ऐतिहासिक, धार्मिक तथा प्राकृतिक सम्पदाहरूको पहिचान र संरक्षणमा पनि जोड दिइनेछ ।

यस सर्किटले आन्तरिक तथा बाह्य पर्यटकको बसाइँ अवधि लम्ब्याउने, स्थानीय उत्पादनको खपत बढाउने र युवालाई स्वरोजगारतर्फ आकर्षित गर्ने अपेक्षा गरिएको छ । ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना गर्दै बसाइँसराइ न्यूनीकरणमा समेत यसले योगदान पुऱ्याउने विश्वास लिइएको अध्यक्ष थापाले बताए ।

मुलुकको पहिलो व्यवस्थित होमस्टे सर्किटका रूपमा विकास गर्ने लक्ष्यसहित अघि बढाइएको यस योजनाको प्रारम्भिक छलफल भइसकेको छ । उक्त छलफलमा पहिलो चरण दुवै पालिकाका जनप्रतिनिधि, पर्यटन तथा संस्कृतिविद्, पर्यटन व्यवसायी र प्राविधिक टोलीले सर्किटभित्रका सबै होमस्टे गाउँहरूको स्थलगत अध्ययन र अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको थियो।

पर्यटनविज्ञ हरिसिंह गुरूङका अनुसार बन्दीपुरले अघि सारेको यो अवधारणा सफल भएमा मुलुकको नमूना ग्रामीण पर्यटन गन्तव्यका रूपमा स्थापित हुन सक्नेछ । उनले भने, "यो केवल पर्यटन होइन, समुदायको समग्र रूपान्तरणसँग जोडिएको अभियान हो । यसले स्थानीयको आर्थिकस्तरमा सुधार ल्याउनाका साथै रोजगारीका अवसरहरु सिर्जना गर्नेछ ।"



भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५-५६३९०७, ९८०६६१३३४०
मा सम्पर्क गर्नुहोला ।
www.bhanjyangnews.com

**facebook twitter**



**Bipin Adhikari**
x.com/BipinLAW

सरकार निर्वाचनबाट सशक्त वैधता प्राप्त गरेर आएको छ। तर राजनीतिक वैधतालाई 'कानूनको उचित प्रक्रिया' (Due Process of Law) सँग सन्तुलित रूपमा जोडेर अघि बढ्नु आज पनि उत्तिकै चुनौतीपूर्ण छ। कार्की आयोगको प्रतिवेदन कार्यान्वयनको विधि पनि त्यही मापदण्डअनुरूप हुनुपर्छ।



**Tara Nath Dahal**
x.com/tndahal7

दण्डहिनताले नै २०४६/७ को परीवर्तन दिगो भएन। आखिर हिंसाले जितेर बहुदलीय व्यवस्थालाई खाईदियो। २०६३/४ को परीवर्तन कानुनी शासनको अभाव र संसदीय प्रणालीलाई उँट बनाएर राजनीतिक सौदावाजीको संविधान रचिएकोले "खेर" गयो । दण्डहिनता राजनीतिक सम्झौताको बिषय नहोस, न्यायको मार्ग त्रासमा बन्दी नबनोस ।



**Gokul Prasad Baskota**
x.com/GokulPBaskota

बालेन युगमा जान्छ भन्थे- ब्याकहोलतिर जाने देखियो। पार्ट टु भनौ होला ।पार्ट थ्री कति समयमा पुग्ने हो? पाकिस्तानी र बङगलादेशी मोडल नेपाली समाजले स्वीकार गर्दैन।पुर्वाग्रह र प्रतिशोध फाईनल्ली राम्रो हुदै होईन। जस्लाई जे सुकै लागोस।

# प्रदेशस्तरीय भलिबलको उपाधी बौदीकालीले जित्यो

**रासस**/कास्की

नवलपरासीको बौदीकाली गाउँपालिकाले गण्डकी प्रदेश अन्तरपालिका 'अध्यक्ष कप' भलिबल प्रतियोगिताको उपाधि जितेको छ । कास्कीको माछापुच्छे गाउँपालिकाको आयोजनामा यही चैत ११ गतेदेखि गाउँपालिकाको केन्द्र लाहाचोकको महेन्द्र मावि खेलमैदानमा सञ्चालन भएको प्रतियोगिताअन्तर्गत आज भएको फाइनल खेलमा तनहुँको शुक्ला गण्डकी नगरपालिकालाई ३-२ को प्रतिस्पर्धात्मक सेटमा हराउँदै बौदीकालीले उपाधि जितेको हो ।

च्याम्पियन बनेको बौदीकालीले ट्रफीसहित रू दुई लाख पुरस्कार पाउँदा उपविजेता शुक्लागण्डकीले रू एक लाख पुरस्कार पायो । बौदीकालीले पहिलो सेट २५-१७ ले आफ्नो पक्षमा पार्दा दोस्रो र तेस्रो सेट शुक्लालाई २१-२५ र २२-२५ ले सुम्पियो । चौथो सेटमा २५-१७ ले पुनरागमन गर्न सफल भयो । अन्तिम सेट १५-११ ले जित्दै बौदीकाली च्याम्पियन बन्न सफल भयो।

सेमिफाइनलमा पुगेका कास्कीको अन्नपूर्ण गाउँपालिका र स्याङ्जाको बिरूवा गाउँपालिकाले नगद रू २५/२५ हजारका दरले पुरस्कार, ट्रफी र मेडल प्राप्त गरेका छन् । पुरुषतर्फ बौदीकालिका हिमाल सुनारी उत्कृष्ट खेलाडी घोषित भएका छन् । शुक्ला गण्डकीका ईश्वर स्वाँर उत्कृष्ट स्पाइकर, बौदीकालिका विश्वास अधिकारी उत्कृष्ट ब्लकर, शुक्लाका अशोक मल्ल उत्कृष्ट सेटर, बौदीकालिका अशोक श्रेष्ठ उत्कृष्ट सर्भर, शुक्लाका मदन ठकुरी वेस्ट डिफेन्डर र उत्कृष्ट प्रशिक्षक बौदीकालिका जितबहादुर थापा घोषित भएका हुन् ।

यसैगरी, महिलातर्फको उपाधि एलिट भलिबल एकेडेमी नदीपुर पोखराले जितेको छ । विजेता एलिटले नगद रू ६० हजार साथमा ट्रफी र मेडल प्राप्त गऱ्यो । त्यसैगरी शान्ता भलिबल ट्रेनिङ सेन्टर द्वितीय भई नगद रू ३० हजार साथमा ट्रफी तथा मेडल प्राप्त गऱ्यो ।

यसैगरी, पालिकाले आयोजना गरेको छोलो हान्ने खेलतर्फ अशोक पुन प्रथम, सरोज मगर द्वितीय पारमान गुरूङ तृतीय र दीपक हर्मेल सान्त्वनास्थान प्राप्त गरेका छन् । छोलोमा प्रथमले नगद रू १० हजार, द्वितीयले नगद रू पाँच हजार, तृतीयले नगद रू दुई हजार र सान्त्वनाले नगद रू एक प्राप्त गरेका आयोजकले जनाएको छ ।

विजेता टोली तथा खेलाडीलाई गाउँपालिका अध्यक्ष मीनबहादुर गुरूङ, अन्नपूर्ण गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसी, माछापुच्छे गाउँपालिका उपाध्यक्ष सीता अधिकारी, प्रमुख प्रशासकीय अधिकृत केशव सुवेदीलगायतले पुरस्कार वितरण गर्नुभयो । गाउँपालिका अध्यक्ष गुरूङले स्थानीय स्तरबाट देशका लागि आवश्यक सक्षम खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रतियोगिता गरिएको बताउनुभयो । "देशका लागि आवश्यकसमक्ष खेलाडी उत्पादन गर्ने पालिकाबाट नै हो । प्रतिभाको खोजी गरी उनीहरूलाई राष्ट्रियस्तरमा चिनाउनका लागि प्रतियोगिताले मद्दत पुगेको छ", उहाँले भन्नुभयो ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४